सुनकोशी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मूलखर्क, ओखलढुंगा
कोशी प्रदेश, नेपाल
स्था: २०७३

सुनकोशी गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः २०८० भाग-२

गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः २०८०।१२।२६

## "चालुकोष स्थापना तथा बीउँपूजी परिचालन कार्यविधि २०८०"

प्रस्तावना:

नेपालको संविधानको अनुसूची-८ मा उल्लेख भएको गाउँपालिकाको एकल अधिकार सूचीमा उल्लेख भएको तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को (च) बुँदा तथा सुनकोशी गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमन गर्ने) ऐन, २०७५ को दफा ४ बमोजिम यो कार्यविधी निर्माण गरिएको छ ।

उद्देश्यः

व्यवसायिकहरुको सशक्तिकरणका निम्ति सुनकोशी गाउँपालिकाद्वारा प्रवर्द्धन गरिएका विभिन्न लक्षित समुहहरुको सामाजिक सुरक्षा तथा गरिवी निवारण गर्नका लागि सामूदायिक समूह/समिति/संस्थामा संगठित रहेका सदस्यहरुलाई आय आर्जन क्रियाकलापका निमित्त स्रोतका रुपमा आवश्यक पर्ने कर्जा मागलाई टेवा पुऱ्याई विभिन्न शिर्षकमा उत्पादन गर्नका लागि चालुकोष स्थापना गरी बीउँपूजीलाई सुव्यवस्थित, नियमित र प्रभावकारी ढंगबाट परिचालन गर्ने ।

१. संक्षिप्त नाम र प्रारम्भ :

क) यस परिचालन विधिको नाम "चालुकोष स्थापना तथा बीउपूँजी परिचालन कार्यविधि २०८०" हुनेछ ।

ख) यो बीउपूँजी परिचालन विधि सुनकोशी गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ

२. परिभाषा :

क) कार्यविधी भन्नाले "विषय वा प्रसंगले अर्को अर्थ नलागेमा चालुकोष स्थापना बीउँपूजी परिचालन कार्यविधि २०८० हुनेछ । "

ख) आमा समूह, समिति, संस्था भन्नाले सुनकोशी गाउँपालिकामा दर्ता वा सूचिकृत भई क्रियाशिल आमा समूह, समिति वा संस्थालाई बुझाउँछ ।

राम कुमार कार्की
प्रमुख प्रशासकीय अधिकृत

सुनकोशी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मूलखर्क, ओखलढुंगा
कोशी प्रदेश, नेपाल
स्था: २०७३

ग) कोष संचालन समिति भन्नाले बुदाँ नं.६ बमोजिम गठन हुने समितिलाई सम्झनु पर्दछ ।

घ) चालुकोष अनुदान भन्नाले सुनकोशी गाउँपालिकाको कार्यालयमा दर्ता भएको आमा समूह/समिति/ संस्थाले कार्यविधीले तोकेको प्रक्रिया पुरा गरी सम्बन्धित वडा कार्यालयको सिफारिसमा कोष संचालन समितिको निर्णयका आधारमा प्राप्त हुने अनुदान रकमलाई बुझाउँछ ।

३.कोषको स्थापना:

क) सुनकोशी गाउँपालिका अन्तर्गतका स्थानीयस्तरका निम्न आय भएका समूह/समिति/संस्थामा आवद्ध सदस्यहरुमा परिचालन गरिने गरी समूह/समिति/सस्थालाई प्रदान गर्नेगरी एक छुट्टै चालुकोष खडा गरिनेछ । पहिलो पटक कोषको परिचालन पछि गाउँपालिकामा बिउँपुजी चालुकोषे नामक खाता सञ्चालन गर्नु पर्नेछ ।

ख) यो कार्यविधि लागू हुने बर्ष पहिलो पटक निकासा गर्दा सम्झौता बमोजिम समूह वा सञ्जालको खातामा विनियोजन खर्चबाट गरिनेछ भने पछिल्लो पटकमा (क) बमोजिम हुनेछ ।

ख) यस कोषमा देहाय बमोजिमको रकम जम्मा गरिनेछ ।

१) गाउँपालिकाबाट विनियोजन हुने कोषको रकम,

२) चालुकोष परिचालन मार्फत प्राप्त हुने साँवा तथा व्याजको रकम,

३) कोष परिचालनका लागि संघ, प्रदेश तथा अन्य निकायवाट प्राप्त हने अनुदान रकम,

४) कोष परिचालनका लागि संघ संस्था बाट प्राप्त हुने रकम ।

४. चालुकोष परिचालन सम्झौता अवधि र नविकरणको व्यवस्था:

क) कार्यालयले सम्झौता गरी समूह/समिति/संस्थालाई बीउँपूजी प्रदान गर्दा बढिमा ५ वर्षको अवधि कायम गरिनेछ ।

ख) चालुकोष परिचालनको लागि छनौट भएको समूह/समिति/संस्थाले बढिमा ५ प्रतिशत भन्दा बढिमा सहुलियतमा प्राप्त बीउपूँजी सेवाग्राहीलाई व्याजमा चालुकोष परिचालन गर्न पाउने छैन ।

ग) कार्यालयले अनुगमन गर्दा व्यवसायिले कार्यविधिको अधिनमा रही कार्य गर्नुपर्दछ ।

५.चालुकोष रकम अन्य प्रयागेमा खर्च गर्न नपाइने: समूह/समिति/संस्थाले लिएको बीउपूँजी जुन प्रयोजनको लागि लिइएको सो बाहेक अन्य प्रयोजनमा खर्च गर्न पाइने छैन ।

६.कोष संचालन समितिको गठन:

क) चालुकोष परिचालन समूह/समिति/संस्थाको संस्थागत जमानीमा मात्र प्रदान गरिनेछ। सो रकम संस्थालाई सम्झौता पश्चात एकमुष्ठ प्रदान गरिनेछ ।

ख) चालुकोष लगानी व्यवस्थापनको लागि कोष संचालनको देहाय बमोजिमको कोष संचालन समिति रहनेछ

१.संयोजक: सुनकोशी गाउँपालिको उपाध्यक्ष

२.सदस्य: प्रमुख प्रशासकीय अधिकृत

३.सदस्य: लेखा शाखा प्रमुख

४.सदस्य: योजना तथा अनुगमन शाखा प्रमुख

५. सदस्य सचिव: महिला तथा बालबालिका शाखा प्रमुख

७.समितिको बैठक:

क) मासिक रुपमा बैठक बस्नु पर्दछ ।

ख)आवश्यकता अनुसार र अन्य समयमा पनि बैठक बस्न सक्नेछ ।

८. कोष खाता संचालन विधि:

गाउँपालिका खाता संचालन गर्ने प्रक्रिया अनुसार कोष संचालन हुनेछ ।

राम कुमार कार्की
प्रमुख प्रशासकीय अधिकृत

९. <u>सम्झौता अवधि तथा सम्झौता पत्र:</u> सम्झौताको अवधि एक आर्थिक वर्षको हुनेछ। चालुकोष परिचालन गर्ने संस्थाले सम्झौता बमोजिम चालुकोष रकम फिर्ता गनुर्पर्नेछ। सम्झौताको ढाँचा अनुसूचीमा तोकिए बमोजिम हुनेछ।

१०. <u>अनुगमन, मूल्याङ्कन तथा सिफारिस:</u>

१) गाउँपालिकामा गठन भएको प्रत्येक समितिको काम तथा क्रियाशिलताको अनुगमन, मूल्याङ्कन तथा सिफारिस गर्न एक समितिको गठन गरिनेछ।

२) उपदफा १ बमोजिमको कामका लागि देहाय बमोजिमको समिति गठन गरिनेछ।

संयोजक- गाउँपालिका उपाध्यक्ष

सदस्य- प्रमुख प्रशासकीय अधिकृत

सदस्य सचिव- सामाजिक विकास शाखा प्रमुख

३) चालुकोष सञ्चालन समितिले कोष परिचालन भएको क्षेत्रको अनुगमन गर्नेछ।

११. कोषको लेखा र लेखा परीक्षण: कोषको लेखा र लेखा परीक्षण गाउँपालिकाले अपनाएको लेखा प्रणाली र लेखा परीक्षण प्रक्रिया बमोजिम हुनेछ ।

१२. <u>खारेजी र बचाउ</u> : १) यस कार्यविधिको कुनै दफा र उपदफा निलम्वन, खारेजी वा संशोधन गर्ने अधिकार गाउँ कार्यपालिकालाई हुनेछ।

१२. अनुसूचीहरु:

अनुसूची १: कोष रकम उपलब्ध गराई पाउँ भन्ने निवेदनको ढाँचा

अनुसूची२: सम्झौता पत्रको ढाँचा

अनुसूची ३: पूँजी लगानीका क्षेत्रहरु।

राम कुमार कार्की
प्रमुख प्रशासकीय अधिकृत

सुनकोशी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मूलखर्क, ओखलढुंगा
कोशी प्रदेश, नेपाल
स्था: २०७३

**अनसूची १ : <u>कोष रकम उपलव्ध गराई पाउँ भन्ने निवेदनको ढाँचा</u>**

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
सुनकोशी, गाउँपालिका, ओखलढुंगा ।

विषय: बीउपूँजी/चालुकोष उपलब्ध गराइपाउँ भन्ने सम्वन्धमा ।

यस कार्यालयको बीउपूँजी परिचालन कार्यविधिको पूर्णतः पालना गर्ने शतर्मा ..........................................................................................................................लाई व्यवसाय/परियोजना संचालन गर्नका लागि रु............. (अक्षरेपी..............................) .........अवधिको लागि उपलब्ध गराइ दिनुहुन विनम्र अनुरोध छ ।

नाम:
ठेगाना:
संस्थाको नाम:
दस्तखत:
मिति:

राम कुमार कार्की
प्रमुख प्रशासकीय अधिकृत

सुनकोशी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मूलखर्क, ओखलढुंगा
कोशी प्रदेश, नेपाल
स्था: २०७३

**अनुसूची २: सम्झौता पत्रको ढाँचा**

आज मिति / / मा यस कार्यालय र ................(संस्था) बीच तल उल्लेखित सर्तका परिधिभित्र रही बीउपूँजी रु....................परिचालन गर्न हस्ताक्षर गरी सम्झौता गरेका छौ र यसमा कुनै फरकपर्ने छैन र सम्झौताका शर्त तथा गरिवी न्यूनीकरणमा बीउँपूजी परिचालनका शर्तहरु भित्र रही चालुकोष संचालन नभएमा प्रचलित गाउँपालिकाको नियम बमोजिम सहुँला बुझाउँला ।

शर्तहरु

क) यो सम्झौता .........वर्षका लागि लागू गर्नमा हामी दुवै पक्ष सहमत छौ । तर समूह/समिति/संस्थाले संचालन सम्वन्धी शर्तहरु उलंघन गरेमा कार्यालयले बीचैमा संझौता भंग गरी बीउपूँजी रकम लिन सकिनेछ ।

ख) बीउपूँजी संचालन विधि तथा अनुगमन तरिकाबाट पाउनुपर्ने प्रतिफल प्रभावकारी तथा शर्त बमोजिम देखिएमा कार्यालयले पुन:......वर्षका लागि संझौता नविकरण गर्न सक्नेछ ।

ग) बिउ पुजी फिर्ताको अवधि बढिमा ५ बर्षको हुनेछ । त्यसैले यो बिउँपुजी मिति ..........................भित्र गाउँपालिकाको बिउ पुँजी कोषमा फिर्ता गरिनेछ ।

घ)बीउपूँजी परिचालन गर्दा बैंकको व्याजदर भन्दा घटी नहुने गरी व्याजदर कायम गर्नु उपयुक्त हन्छ ।

ङ) विउपुजी परिचालन.................................................................................परियोजनका लागि प्रदान गरिएको छ ।

संस्थाको तर्फबाट
नाम थर:
ठेगाना:
दस्तखत:

कार्यालयको तर्फबाट
नाम थर:
ठेगाना:
दस्तखत:

इति सम्बत ...........साल .........महिनाको ......... गते ...........रोज शुभम ।

**अनुसूची ३ : पुँजी लगानीका क्षेत्रहरु:**

१) कृषि कार्य
२) लघु उद्यम
३) साना व्यवसाय सञ्चालन तथा विकास
४) पशुपालन
५) हस्तकला सँग सम्वन्धित काम
६) समितिको निर्णय बमोजिम थपहुने व्यवसाय ।

आज्ञाले,
राम कुमार कार्की
प्रमुख प्रशासकीय अधिकृत

राम कुमार कार्की
प्रमुख प्रशासकीय अधिकृत